# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ३ संख्या : २ बैशाख १७, २०८०

## भाग-३

## सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०/०१/१७ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| निर्णय नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | गुल्मीदरबार गाउँपालिकामा विद्यालय समायोजन तथा दरबन्दी मिलान लगायत शिक्षा क्षेत्रमा विस्तृत अध्ययन गरि प्रतिवेदन पेश गर्नको लागि गठित कार्यदललाई काम गर्नको लागि उपलब्ध गराउने कार्यगत शर्तहरु स्वीकृत गर्ने निर्णय गरियो । |
| ३ | गुल्मीदरबार गाउँपालिका वडा नं. ३ निवासी वसन्त परियारको देब्रे खुट्टामा क्यान्सर लागि उपचार भइ रहेको र निजको घरको आर्थिक अवस्था कमजोर हेको हुँदा तत्कालै उपचारको लागि मिति २०८०/०१/१० मा आर्थिक सहायता रु.२५०००।- उपलब्ध गरायको हुँदा अनमोदन गर्ने निर्णय गरियो । |

आज्ञाले,

(राजिव पन्थी)

प्रमुख प्रशासकीय अधिकृत